# नगरप्रमुख श्री विष्णु प्रसाद भुसालले तेह्रौं नगरसभामा प्रस्तुत गर्नुभएको बार्षिक नीति तथा कार्यक्रम

## २०८०/०८१

प्रमाणिकरण मिति २०८० असार ७ गते

**कावासोती नगरपालिका**

**२०८० साल असार ७ गते बिहिवार**

**नगर सभाका उपाध्यक्ष ज्यु,**
**सभाका सम्पूर्ण सदस्य ज्युहरु,**
**राजनीतिक सल्लाहकार ज्यु,**
**राष्ट्रसेवक कर्मचारीहरु,**
**पत्रकार मित्रहरु,**

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना एवं बिभिन्न समयमा स्वतन्त्रता र अधिकार प्राप्तिको लागि सहादत प्राप्त गर्ने ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धा सुमन व्यक्त गर्दछु ।

नेपालको अर्थतन्त्र, विश्व भरि छाएको आर्थिक मन्दी तथा रुस-युक्रेन युद्धको प्रभाव स्वरूप हाम्रो अर्थतत्रमा देखिएको शिथिलता तथा पेट्रोलियम पदार्थको मुल्य वृद्धिको कारणले अर्थतत्रका सूचकहरु नकारात्मक रहेको अवस्थामा स्वाभाविक रुपले आयात निर्यात र उपभोग्य बस्तुमा मुल्य वृद्धि भएको छ । निर्माण सामग्री, पेट्रोलियम पदार्थको उच्च मुल्य वृद्धिको कारणले योजनाहरु समयमा सम्पन्न हुन केहि ढिलाई भएको छ । यस आ.ब. मा कतिपय भौतिक पूर्वाधार तर्फका योजनाहरु निर्माण सम्पन्न हुन् सकेका छैनन् ।

नगरपालिकाको आन्तरिक राजश्व, जग्गा बर्गिकरणको सुरुवात को कारणले गर्दा आन्तरिक आम्दानी कमजोर रहेको छ । संघ र प्रदेश सरकार बाट नगरपालिकामा आउनुपर्ने अनुदान पनि कटौती भएको छ । यसरी तमाम समस्याको बावजुद पनि अधिकतम योजनाहरु कार्यान्वयन भैसकेको अवस्था छ । यस अर्थमा नगरपालिकाको भौतिक प्रगति सन्तोषजनक रहेको देखिन्छ । बाँकी रहेका योजनाहरु चालु आ. ब. को अन्त्य सम्ममा सम्पन्न हुने दिशा तर्फ बढिरहेका छन् ।

नेपालको संबिधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४ र अन्य प्रचलित कानुनले स्थानीय सरकारको भूमिका र  अधिकार क्षेत्र बृहत रहेको छ । तर सो को तुलनामा नगरपालिकाको आन्तरिक आम्दानी कम रहेको छ । नगरपालिकाको सेवा प्रवाहमा व्यापक सुधारको खाँचो सबै क्षेत्रबाट औल्याईएको छ । नगरपालिकामा बढ्दो जनसंख्या सहरीकरण पूर्वाधार विकास आकांक्षा धेरै नै छन् ।

आर्थिक बिकास, शैक्षिक अवस्था, चेतनाको विकासले यस पालिका अधिकतम लक्ष्यका साथ् अगाडी बढेको अनुरोध गर्दछु। यस आ. ब. मा भौतिक पुर्बाधरमा तोकिएका आयोजना सम्पन्न भएका छन् र केहि योजना क्रमागत रहने छन। यसको प्रगतिको श्रेय सबैमा रहने अवगत गराउदछु । सो कार्यमा नगरपालिकाका राष्ट्रसेवक कर्मचारी, जनप्रतिनिधि, समाजसेवी सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दछु।

आगामी आर्थिक वर्ष २०८०/८१ बिकासको लक्ष्य प्रक्षेपण गरि विकासको गतिलाई अग्र स्थानमा राखी संघ, प्रदेश तथा अन्य विदेशी दातृ निकायको सहयोग, साझेदारी र सहकार्यमा समृद्ध कावासोती हाम्रो कावासोती बनाउने उद्देश्यका साथ र सहयोगको अपेक्षा गरेको छु।

हाम्रो नगरपालिकामा धैरै वर्षदेखि जमिनको स्वामित्व प्राप्तिको समस्यालाई पूर्व-नगरप्रमुख चन्द्र कुमारी पुनको नेतृत्वमा भुमि समस्या समाधान आयोग संग गण्डकी प्रदेश भित्रका पालिका मध्ये सबैभन्दा पहिले कावासोती नगरपालिकाले सम्झौता गरि भुमि समस्या समाधानमा अगाडी बढेको जानकारी गराउँदछु। नगरपालिका भित्रका वडा नं ३, ५ र १५ पुरै नाप नक्सा भैसकको र अन्य वडाहरु मध्ये केहीमा ८०% भन्दा बढी प्रगति भएको र बाँकी रहेका वडामा समेत नाप नक्साको काम सुरु गरिएको र २०८० मङ्सिर भित्र नै नापजाँच सम्पन्न गरि पुर्जा वितरण कार्य अघि बढाउने लक्ष्य लिईएको छ।

बाताबरणलाई संरक्षण गर्दै खाली स्थान तथा नदि उकास क्षेत्रमा वृक्षारोपण अभियान संचालनमा ल्याउन सरोकारवाला पक्ष संग समन्वय गरी अगाडी बढ्ने लक्ष्य लिईएको छ। फोहोर व्यबस्थापनका लागि नगर भित्रका सबै वडामा सेवा पुर्याउन फोहोरको वर्गिकरण, Re-Cycling तथा विसर्जन क्षेत्रको व्यवस्थापन गरिनेछ । मानव बन्यजन्तु द्वन्द न्यूनीकरणका कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ।

नगरपालिका भित्रका केरुंगे खोला, पत्थर खोला, लोकाहा खोला र हसौरा खोलाको जोखिम क्षेत्रको DPR तयार गरि नदि नियन्त्रणका लागि संघ, प्रदेश तथा राष्ट्रपति तराई मधेश चुरे संरक्षण समिति संग बजेटको लागि पहल गरिनेछ। नगर भित्र रहेका सिमसार क्षेत्रको संरक्षण व्यबस्थापन गर्ने लक्ष्य लिइएको छ।

नगरपालिका लाई आवश्यक पर्ने ऐन, नियमावली, कार्यविधि पुनरावलोकन गरि सरलीकृत गरिनेछ। नगरपालिकाबाट अनलाईन सेवा दिने नीति लिईएको छ। नगरपालिका परिसर बाटै बैंकिङ सेवा संचालनमा ल्याईनेछ । सेवा प्रबाहमा प्रभाकरिता ल्याउनका लागि

कर्मचारीहरुको कार्यसम्पादन नगरको क्षमता वृद्धि सेवा अवधिलाई आधार मानि लोकसेवा आयोग तथा प्रदेश सरकारको परामर्शमा पदोन्नती गर्ने नीति रहेको छ। न्यायिक समितिलाई अझ मर्यादित, क्षमता विकास गर्ने लक्ष्यका साथ सेवा सुबिधा थप गर्नका निमित्त नियम, कानुन र कार्यविधि तयार गरी सोहि बमोजिम गरिनेछ। नगरपालिकामा न्याय सम्पादनमा कानुनी सल्लाहका लागि कानुनी तथा राजनीतिक सल्लाहकारको ब्यबस्था गरिनेछ। नगरपालिकाको कानुनी तथा राजनीतिक सल्लाहकारको सेवा सुविधा नगरसभाबाट तोकिए बमोजिम हुनेछ। सेवा प्रबाह लाई सहज, सरल, पारदर्शीता, जवाफदेहीता को उद्देश्यले नगरमा भए गरेका कामको चौमासिक प्रतिवेदन कार्यपालिकामा पेश गरि सुनवाई गरिनेछ।

नगर भित्रका खाली तथा पर्ती जग्गाहरु पहिचान गरिनेछ। त्यस्ता जग्गाहरु आफूखुसी प्रयोगमा ल्याउन तथा नगरको निर्णय बिना संरचना बनाउन रोक लगाईनेछ। नमुना सदरमुकाम क्षेत्र बाहिर रहेका खाली तथा पर्ती जग्गाहरु नगरको स्वामित्वमा ल्याउन पहल गरिनेछ। सार्बजनिक तथा सिमसार क्षेत्र अतिक्रमणमा रोक लगाईनेछ।

चालु आ. ब. मा सम्पन्न हुन नसकेका महत्वाकांक्षी योजनाहरुलाई आ.ब. २०८०/८१ मा क्रमागत रुपमा संचालनमा ल्याईनेछ।

सीमान्तकृत समुदायलाई नर्सरी देखि क्रमशः कक्षा ५ सम्म शैक्षिक अनुदान दिईनेछ। शैक्षिक सत्र २०८१ देखि कक्षा १ देखि कक्षा ५ सम्म निशुल्क अध्ययनको लागि ऐन, कार्यविधि बनाई संचालनमा ल्याउने नीति ल्याईनेछ। सो योजनालाई क्रमश: कक्षा १२ सम्म लैजाने नीति लिइएको छ।

विद्यार्थी संख्या कम भएका विद्यालयहरुलाई पायक पर्नेगरी एकीकरण गरिनेछ। एकीकरण पश्चात खाली रहने विधालयमा मन्टेस्वरी कक्षा संचालनमा ल्याईनेछ। एकीकरण पश्चात अपायक पर्ने विद्यार्थीहरुलाई विद्यालय आउन जानका लागि यातायातको व्यबस्था गरिनेछ। शैक्षिक सुधार कार्यका लागि सम्बन्धित सबै पक्ष संग छलफल गरि शिक्षा शाखा मार्फत सुझाव संकलन गरिनेछ। ५ वर्ष पुरा भएका सबै प्रा. अ. हरुलाई पालिका भित्रकै विधालयमा सरुवा गर्ने नीति लिइएको छ। विधालयको लेखा प्रणालीलाई व्यापक सुधार गर्न दोहोरो लेखा प्रणालीको व्यवस्था गरिनेछ। निजि स्तरमा अनुमति बेगर संचालित विद्यालयहरुलाई ऐन, कार्यविधि बनाई एक पटकको लागि अनुमति दिईनेछ। बिभिन्न फर्म, संघ, संस्था,

इन्स्टिच्युट, भाषा सेन्टर, कलकारखाना, उद्धोग, पर्यटन व्यवसाय आदिलाई करको दायरामा ल्याईनेछ।

शिक्षा, स्वास्थ्य, कृषि, पशु, बन बाताबरण, सुशासन क्षेत्रम संचालित असल तथा प्रभावकारी योजनाहरुलाई निरन्तरता दिईनेछ। खेलकुद क्षेत्रको विकासको लागि खेलकुद ऐन तथा कार्यविधि तयार गरिनेछ। विपद व्यबस्थापनका लागि जोखिम पूर्ण क्षेत्रमा रहेका बस्तीलाई उचित स्थानमा स्थानान्तरण गर्ने नीति लिइएको छ।

उपयुर्क्त पृष्ठभूमिमा आगामी आर्थिक वर्ष ०८०/८१ को वार्षिक नीति तथा कार्यक्रमको उद्देश्यहरु निम्नानुसार हुनेछन्।

- पूर्वाधार विकासलाई दिगो र गुणस्तरीय बनाउन आधुनिक प्रविधिको प्रयोग गर्ने।
- दिगो सुरक्षित मर्यादित र सम्मानित रोजगारीको सुनिश्चतता गर्ने।
- कृषि क्षेत्रको आधुनिकीकरण र व्यावसायीकरण गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गर्ने र कृषि पेशालाई सम्मानित पेशाको रुपमा स्थापित गर्ने।
- नगरपालिकाको पर्यटन गुरुयोजना निर्माण गरी पर्यटकीय क्षेत्रको पहिचान र पूर्वाधारको विकास गरी पर्यटन प्रवर्द्धन र रोजगारी सिर्जना गर्ने।
- विद्यालय शिक्षालाई गुणस्तरीय बनाई दक्ष, स्वरोजगारउन्मुख, अनुशासित र नैतिकवान जनशक्ति तयार गर्ने।
- गुणस्तरीय स्वास्थ्य पूर्वाधारको विकास गरी महिला बालबलिका ज्येष्ठ नागरिक र शारीरिकरुपमा अशक्त व्यक्तिहरुको स्वास्थ्य उपचार र सामाजिक सुरक्षालाई विशेष प्राथमिकता दिने।
- सूचना प्रविधिको उपयोगद्वारा सुशासन विकास व्यवस्थापन र सेवा प्रवाहमा प्रभावकारिता ल्याउने।
- गुणस्तरीय मानव पूँजी विकास गरी आधुनिक, सभ्य, समतामूलक, विकासप्रेमि र न्यायपूर्ण समाज निर्माण गर्ने।
- जनप्रतिनिधि र कर्मचारीलाई संघीयता, स्थानीय स्वशासन एवं स्थानीय विकासको अवधारणासँग परिचित गराई नगरपालिकाको नीतिगत र संस्थागत सक्षमताको विकास गरी स्थानीय विकास, सुशासन र सेवा प्रवाहमा गतिशीलता कायम गर्ने।

प्रमाणिकरण मिति २०८० असार ७ गते

## क) आर्थिक विकास सम्बन्धी नीति

### १) कृषि विकास तथा भूमि सम्बन्धी नीति

१. कृषक समूह तथा कृषि सहकारीले जडान गर्ने सिंचाई मिटर जडान शुल्क, नगरपालिकाले उपलब्ध गराउने नीतिलाई निरन्तरता दिईनेछ।

२. कृषि कार्यक्रम तथा योजना प्रभावकारीरुपमा सञ्चालन गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालय, प्रदेश कृषि मन्त्रालय, प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजना तथा कृषि ज्ञान केन्द्र र कृषि बिज्ञहरुसँग समन्वय र सहकार्य गरिनेछ।

३. सबै वडाहरुमा माटो परीक्षण गरी उपयुक्त बिउ, मलको सिफारिस गरिनेछ।

४. **"एक वडा एक उत्पादन पकेट क्षेत्र"** को नीति मार्फत कृषि अर्थतन्त्रको विकास गरिनेछ। नगरपालिकामा एक शितगृह र कृषि भण्डारण गृहका लागि सम्भाव्यता अध्ययन गरिनेछ। कावासोती नगर क्षेत्रभित्र रहेका **तरकारी पकेट क्षेत्र** लगायतका अन्य पकेट क्षेत्रहरुलाई मल, बिउबिजन र सिंचाईको उपलब्धता सुनिश्चित गरिनेछ।

५. सामूहिक तथा करार खेती प्रोत्साहन गरी कृषि उत्पादन र उत्पाकत्व वृद्धि एवं कृषि उपजको बजारीकरण र उचित मूल्य प्राप्तिको सुनुश्चितता गरिनेछ।

६. नगरपालिका भित्र उत्पादन हुने कृषि उपजको उत्पादन लागतको मूल्यांकन गरी उचित बचतको सूनिश्चितता गरिनेछ।

७. बिउ बिजन, मल तथा कृषि यन्त्र उपकरणमा दिंइदै आएको अनुदानलाई क्रमशः उत्पादनमा आधारित बनाईनेछ।

८. नदि उकास क्षेत्र एवं बाँझो जमिनमा वृक्षारोपण, फलफूल तथा तरकारी खेतिलाई प्रोत्साहन गर्ने आवश्यक बिउविजन, बिरुवा, प्रविधि तथा सिंचाई सेवा उपलब्ध गराईनेछ।

९. रैथाने बालीको संरक्षण एवं कृषि उत्पादनको प्रमाणिकरण र ब्राण्डीङ्ग गरी बजारीकरण गरिनेछ।

प्रमाणिकरण मिति २०८० असार ९ गते

१०. कृषि उत्पादन र उत्पात्कत्व वृद्धि गर्न एवं रासायनिक मलको अभावलाई परिपूर्ति गर्न जैविक मल र प्रांगारिक मलको प्रयोगलाई प्रोत्साहन गर्दै जैविक खेती (Organic Farming) लाई जोड दिईनेछ।

११. भूमिगत तथा सतही सिंचाईलाई जोड दिईनेछ। विभिन्न वडाहरुमा सम्भाव्यताका आधारमा पानीको मूहान संरक्षण र स्रोत भण्डारणका लागि आवश्यक पूर्वाधार निर्धारण गरिनेछ।

१२. उत्पादक र उपभोक्ता बिच सिधा सम्पर्क कायम गरी उचित मूल्यमा सामान किनबेचका लागि Mobile Apps निर्माण गरी प्रयोगमा ल्याईनेछ।

१३. कृषकहरुको क्षमता अभिवृद्धि एवं उत्पादन र उत्पादकत्व वृद्धि गर्न आवश्यक तालिम र  अभिमुखीकरण कार्यक्रमको व्यवस्था मिलाईनेछ।

१४. कृषि क्याम्पस र कृषि प्राविधिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई इन्टर्नसीपको र कार्यथलोमै तालिम (OJT) कार्य गराउने व्यवस्था गरी अध्ययनरत विद्यार्थीहरुलाई पढाईसँगै आय आर्जन गर्ने व्यवस्था मिलाइनेछ।

१५. कृषि र पशुपालन पेशामा आवद्ध रहेका किसानहरुको पहिचान गरि नगरपालिकाबाट प्रदान गरिने अनुदान र अन्य सेवा सुविधाको वितरणमा लक्षित वर्ग सम्म पुर्याउन किसानहरुको सूचिकरण तथा वर्गिकरण गरि किसान परिचय पत्र वितरण गर्ने कार्य अगाडि बढाईने छ।

१६. कृषकले उचित मूल्य प्राप्ति र उपभोक्ताले गुणस्तरीय सामग्रीको उपभोग गर्न पाउने अधिकारको सुनिश्चितताको लागि उत्पादित तरकारी तथा फलफूलको संकलन तथा बिक्रिवितरणको लागि उपयुक्त स्थानमा तरकारी तथा फलफूल संकलन केन्द्रको स्थापना गरिनेछ।

१७. नगर भित्रका खाली तथा पर्ती जग्गाहरु पहिचान गरिनेछ। त्यस्ता जग्गाहरु आफूखुसी प्रयोगमा ल्याउन तथा नगरको निर्णय बिना संरचना बनाउन रोक लगाईनेछ।

१८. नमुना सदरमुकाम क्षेत्र बाहिर रहेका खाली तथा पर्ती जग्गाहरु नगरको स्वामित्वमा ल्याउन पहल गरिनेछ। सार्बजनिक तथा सिमसार क्षेत्र अतिक्रमणमा रोक लगाईनेछ।

१९. भू उपयोग योजना कार्यान्वयनमा ल्याई जग्गाको बर्गिकरण कार्य सम्पन्न गरी सोहि अनुरुप उपयोगको ब्यबस्था मिलाई करको दायरामा ल्याईनेछ।

## २) पशुपन्छी विकास सम्बन्धी नीति

१. पशुपालन व्यवसायलाई आत्मनिर्भर बनाउन दुध उत्पादन तथा विक्रीको लागि पशु बिमा, पशु स्वास्थ्य, औषधी, पशु फार्मको उचित व्यवस्थापन गरिनेछ। गोठ निर्माण तथा भकारो सुधारका लागि अनुदान तथा संघ तथा प्रदेश सरकारको सहकार्यमा पशु बिमा नि:शुल्क गरिदिने नीति ल्याइनेछ।

२. Silage Machine जडान र दुग्ध प्रशोधन केन्द्र स्थापनाका लागि अध्ययन गरी सञ्चालनमा ल्याइनेछ।

३. दुध उत्पादनमा कृषकलाई प्रति लिटर रु १.५ अनुदान दिइदै आएकोमा रु. ०.५ थप गरि रु. २.०० अनुदान दिईनेछ। घाँस उत्पादनका लागि निशुल्क घाँसको बिउ तथा बिरुवा वितरण गरिनेछ । साथै, कृषि उपकरण लागत साझेदारीमा वितरण गरिने व्यवस्था मिलाईनेछ।

४. अव्यवस्थित मासु पसलहरुलाई पशु वधशाला तथा मासु जाँच ऐन, २०५५ अनुसार नियमित अनुगमन गरी स्वच्छ मासु विक्री वितरणको व्यवस्था मिलाइनेछ । नगरपालिका भित्र व्यवस्थित नमूना बधशाला निर्माण गर्न परियोजना तयारी गरिनेछ ।

५. पशुजन्य उत्पादन तथा उत्पाकत्व वृद्धि गर्न **नश्ल सुधार कार्यक्रम**लाई उच्च प्राथिमिकताका साथ सञ्चालन गरिनेछ। पशु नश्ल सुधारका लागि उन्नत जातको विज प्रयोग हुने कृत्रिम गर्भाधान कार्यलाई निशुल्क मिसनको रुपमा अगाडि बढाईने छ।

६. पशु स्वास्थ्यलाई मध्य नजर गर्दै निशुल्क पशु स्वास्थ्य शिविर एवं बाँझोपन निवारण शिविर सञ्चालन गरिनेछ। वर्डफ्लू र लम्पीस्किन लगायतका संक्रामक बिशाणुयुक्त रोगहरुको उपचारको लागि विशेष व्यवस्था गरिनेछ।

७. उच्च प्रजातीको बाख्रा तथा कुखुरापालन व्यवसायलाई प्रोत्साहन गरी नगरलाई मासु तथा अण्डामा आत्मनिर्भर बनाईनेछ।

८. पशुपन्छी र मत्स्य क्षेत्रको उत्पादन वृद्धि गर्न र पशुधनमा हुने क्षति न्यूनिकरणका लागि उत्पादन धैरै भएका वडामा आधारभूत भेटेरिनरी सेवा उपलब्ध गराउन आवश्यक जनशक्ति व्यवस्थापन गरिनेछ।

प्रमाणिकरण मिति २०८० असार ७ गते

९. **एक वडा एक पकेट कार्यक्रम** अन्तर्गत सम्भाव्यता भएका वडामा गाईभैसी, माछा र बाख्रा पकेट विकास कार्यक्रम सञ्चालन गरिने छ।वडा नं ७, १०, ११, १२, १३, १४, १५ र १७ लाई **Fish Hub** को रुपमा विकास गरिनेछ ।

१०.पशुपालक कृषकहरुको क्षमता विकास तथा नयाँ प्रविधिको बारेमा जानकारी दिनका लागि विभिन्न किसिमका तालिम, अन्तर्क्रिया, गोष्ठी, दिवस, प्रर्दशनी र अध्ययन अवलोकन जस्ता कार्यहरु सञ्चालन गरिनेछ।

११.छाडा पशु चौपायाको उचित व्यवस्थापनको लागि उपयुक्त स्थानमा गौशाला निर्माण गरि सञ्चालनमा ल्याइनेछ ।

## ३) सहकारी संस्था सम्बन्धी नीति

१. सहकारी संस्थाको दर्ता, नवीकरण र सञ्चालनको प्रक्रियाको नियमित अनुगमन तथा मूल्यांकन गरी सहकारी सुशासनको विकास गरी बचतकर्ताको बचत र लगानीको सुरक्षाको प्रत्याभूती गराईनेछ । लगानीलाई बचतकर्ताको हित हुने गरी उत्पादनशिल र उद्यमशिल क्षेत्रमा परिचालन गर्न प्रोत्साहन गरिनेछ ।

२. सबै सहकारीहरुलाई COPOMIS सफ्टवेयरमा आवद्ध गरिनेछ । सहकारी प्रतिवेदन प्रणाली (Reporting system) लाई थप सुदृढ गरिनेछ । सबै सहकारी संस्थाको पदfधिकारी र कर्मचारीलाई तालिमको व्यवस्था मिलाईनेछ ।

३. सहकारी संस्थाहरुलाई उद्यमशिलता विकास, कृषिको व्यावसायीकरण लगायतका रोजगारी सिर्जनाका क्षेत्रमा परिचालनमा जोड दिइनेछ ।

४. कृषि सहकारी संस्था मार्फत सहकारी खेतीलाई प्रोत्साहन एवं कृषि उत्पादनको प्रशोधन, ब्राण्डिङ्ग तथा बजारीकरणका कार्यक्रम सञ्चालन गरिनेछ ।

५. नगर क्षेत्र भित्र रहेका सहकारी मूल्यांकनका आधारमा उत्कृष्ट सहकारी संस्थालाई सम्मान तथा पुरस्कारको (Respect & Reward ) व्यवस्था गरिनेछ ।

## ४) उद्योग, श्रम तथा रोजगार सम्बन्धी नीति

१. स्थानीय श्रम, सीप, स्रोतसाधन एवं प्रविधिको प्रयोगलाई बढावा दिई व्यावसायिक उत्पादन तथा ग्रामीण अर्थतन्त्र (Rural Economy) को विकास र विस्तार गरिनेछ । स्थानीय कृषि तथा पशुजन्य उत्पादनमा आधारित उद्योगलाई प्रोत्साहन गरिनेछ ।

प्रमाणिकरण मिति २०८० असार ७ गते

२. कावासोती ०१ मा रहेको लोकाहा औद्योगिक क्षेत्र तथा औद्योगिक ग्राम स्थापनाका लागि संघ र प्रदेश सरकारसँग समन्वय र सहाकार्य गरिनेछ।

३. सीपमूलक तालिमलाई प्रोत्साहन गरी लघु, घरेलु तथा साना उद्योग सञ्चालनलाई प्रोत्साहन तथा सहजीकरण गरिनेछ।

४. लघु उद्यम विकास कार्यक्रम (MEDPA) मार्फत सीपमूलक तालिम सञ्चालन एवं प्रविधि हस्तान्त्ररण (Technology Transfer) गरी स्वरोजगारी सृजना एवं आत्मनिर्भरताको विकास गरिनेछ।

५. तुलनात्मक तथा प्रतिस्पर्धात्मक लाभ (Comparative & Competitive Advantage) का वस्तु तथा सेवाहरुको पहिचान गरी बजारीकरण र निर्यात प्रवर्द्धनको लागि सम्बन्धित निकायसँग समन्वय र सहकार्य गरिनेछ।

६. निजी क्षेत्रको व्यावसायिक सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) लाई नगरपालिकाको समग्र विकासका क्षेत्रमा परिचालन गरिनेछ।

७. बैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र उपलब्धिमूलक बनाउन एवं सम्भावित ठगी, श्रम शोषण एवं स्वास्थ्य सम्बन्धी जोखिमहरुको न्यूनीकरणका लागि सुरक्षित आप्रवासन परियोजना(SAMI) संग सहकार्य गरि तालिम, अभीमूखीकरण तथा मनोपरामर्श सेवाहरु उपलब्ध गराईनेछ।

८. नगरपालिकाबाट श्रम स्वीकृतिको प्रक्रियालाई सेवाग्राहीमैत्री बनाइनेछ। वैदेशिक रोजगारीमा जानुपूर्व जान लागेको मुलुकको भाषा संस्कृति एवं गर्नुपर्ने काम सम्बन्धी जानकारी लिएर मात्रै जान प्रोत्साहित गरिनेछ। वैदेशिक रोजगारी सम्बन्धी चेतनामूलक सामग्रीहरु प्रशारण गरिनेछ।

९. बैदेशिक रोजगारीबाट प्राप्त हुने विप्रेषण (Remittance) लाई उत्पादनशिल क्षेत्रमा परिचालन गर्ने **वित्तीय साक्षरता कार्यक्रम (Financial Literacy Program)** सञ्चालन गरिनेछ।

१०. बैदेशिक रोजगारबाट फर्केका स्थानीय युवाहरुको अभिलेखीकरण गरी उनीहरुको श्रम, सीप, पूँजी र प्रविधिबाट सञ्चालन गर्न सकिने उद्यम व्यवसाय गर्न इच्छुक युवाहरुलाई बैंक तथा वित्तीय संस्थासँग सहकार्य गरी निश्चित मापदण्डको आधारमा ऋण प्रवाहको व्यवस्था मिलाई स्वरोजगारको प्रवर्द्धन गरिनेछ। वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुको निःशुल्क सीप परीक्षणको व्यवस्था गरिनेछ।

११. नगरपालिका भित्र रोजगार सूचना केन्द्रको स्थापना गरी निजी क्षेत्र समेतको सहकार्यमा स्थानीय व्यक्तिहरुलाई रोजगारीका संभावित क्षेत्रहरुबारे सूचना तथा जानकारी संप्रेषण गर्न **रोजगार बैंक (Employment Bank)** को स्थापना गरी सञ्चालनमा ल्याइने छ ।यसका लागि **रोजगार सूचना प्रणाली (Employment Information System)** प्रयोगमा ल्याइने छ ।

१२. प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचिकृत श्रमिकहरुलाई नगरपालिकाको विकास निर्माणका अतिरक्त व्यक्ति विशेष, समूह तथा निजी क्षेत्रले समेत उपयोग गर्न सक्ने गरी परिचालन गरिने व्यवस्था मिलाइनेछ ।

१३. नगरपालिकामा संचालित संघ, प्रदेश र स्थानीय तहबाट संचालन हुने योजनामा आवश्यक श्रमिक उपलब्ध भए सम्म रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगारबाट नै लगाईने व्यवस्था गरिनेछ ।

१४. नगरपालिका भित्रका बेरोजगारीको अवस्था र रोजगारका सम्भावनाको वास्तविकता पत्ता लगाउन **रोजगार नक्शांकन** कार्य अघि बढाईनेछ ।

१५. आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजी, सहकारी तथा गैह्रसहकारी क्षेत्रसँग समन्वय र सहयकार्यमा जोड दिइनेछ ।

१६. कामको सम्मान, स्वरोजगार, उचित पारिश्रमिक र सामाजिक संरक्षण सहितको श्रम व्यवस्थापनका लागि पहल गरिनेछ ।

१७. उद्यमीहरुद्वारा उत्पादित सामानहरुको प्रर्दशनी स्थल सहितको कोशेली घर संचालनका लागि प्रोत्साहन गरिनेछ ।

## ५) पर्यटन सम्बन्धी नीति

१. स्थानीय संस्कार, संस्कृतिमा आधारित आवास व्यवस्था, आतिथ्यता र स्थानीय उत्पादन र मौलिकतामा आधारित परिकारको आधारमा सेवा दिने गरी सञ्चालन भएका होमस्टे (Homestay) कार्यक्रम गर्ने समूहलाई प्रवर्द्धनका लागि सहयोग गरिनेछ । साथै पर्यटकबाट लिइने शुल्कलाई करको दायरामा ल्याइनेछ ।

२. संघ तथा प्रदेश सरकार एवं नेपाल पर्यटन बोर्ड र जिविकोपार्जनका लागि दिगो पर्यटन परियोजना (STLRP) सँगको सहकार्यमा पर्यटकीय पूर्वाधारहरुको विकास गरिनेछ ।

३. वडा नं. १ को बालुवा डाँडामा रहेको भ्यू टावर सञ्चालनमा ल्याई पर्यटकीय गतिविधि बढाउन पहुँच सडकको स्तरोन्नतिमा संघीय सरकारसँग सहकार्य गरिनेछ ।

साथै उक्त क्षेत्रलाई पर्यटकीय गन्तव्य बनाउन र मगर संस्कृति संरक्षण गर्न ढोडे गाउँलाई मगर होमस्टे निर्माणको लागि प्रोत्साहन गरिनेछ ।

४. नगरपालिकाको पर्यटकीय स्थलहरुको पहिचान, पर्यटकीय पूर्वधारहरुको विकास एवं पर्यटन प्रवर्द्धनका लागि **पर्यटन गुरु योजना (Tourism Master Plan)** तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

५. राष्ट्रिय तथा अन्तरराष्ट्रिय पर्यटकहरुलाई नगर क्षेत्र भित्र रहेका पर्यटकीय स्थल तथा सेवा सम्बन्धी जानकारी गराउन **पर्यटन सूचना केन्द्र (Tourism Information Center)** स्थापना गरी आवश्यक जनशक्ति र स्रोतसाधनको प्रबन्ध गरिनेछ । पर्यटन प्रवर्द्धनका लागि **वृत्त चित्र (Documentry)** निर्माण गरी प्रदर्शन गरिनेछ ।

६. नगरपालिकाको आर्थिक–सामाजिक विकास र पर्यटन प्रवर्द्धनमा राष्ट्रिय तथा अन्तरराष्ट्रिय अनुभव एवं पूँजी र प्रविधिको आदानप्रदान गर्न विभिन्न नगरपालिका, अन्तरराष्ट्रिय संघ संस्था तथा निकायहरुसँग भगिनी सम्बन्ध र सहसम्बन्ध विस्तार गरिनेछ । राष्ट्रिय तथा अन्तरराष्ट्रिय समन्वय र सहकार्यका लागि कार्यविधि बनाई कार्यान्वयनमा ल्याइनेछ ।

७. नगरपालिकाको पर्यटन विकास र अन्तरर्ष्ट्रिय सम्बन्ध विस्तारका लागि विश्व शान्तिका अग्रदुत भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनी र यससंग संस्थागत सम्बन्ध कायम भएका City र संस्थाहरुसंग सहकार्य गरिनेछ ।

८. नगरपालिकाको पर्यटन विकास र प्रवर्द्धनका लागि **अन्तरराष्ट्रिय सम्बन्ध तथा पर्यटन प्रवर्द्धन इकाई**को स्थापना गरी सञ्चालनमा ल्याइनेछ । यसका लागि नगरपालिका भित्र **पर्यटन प्रवर्द्धन निर्देशक समिति** गठन गरिनेछ ।

९. नगर क्षेत्र भित्र रहेका पर्यटन व्यवसायी, होटल व्यवसायी, उद्योग वाणिज्य संघ र होमस्टे सञ्चालक लगायतका अन्य सरोकारवाला समेतको सहभागितामा **सांस्कृतिक महोत्सव** आयोजना गरिनेछ ।

१०. स्थानीय भाषा, कला र संस्कतिको अभिलेखिकरण गरी प्रचार प्रसार र प्रवर्द्धन गर्न साहित्यिक सम्मेलन, गोष्ठी, सडक नाटक जस्ता कार्यक्रम सञ्चाल गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

११. नगर क्षेत्र भित्र रहेका नदि, टरुवा ताल तथा पोखरी ताल लगायतका तालतलैया, पोखरी एवं ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरुको संरक्षण तथा सौन्दर्यीकरण

गरिनेछ ।पर्यटकहरुलाई सहजीकरण गर्न स्थानीय **टुरिष्ट गाईड (Tourist Guide)** तयार गरिनेछ।

**ख) सामाजिक विकास सम्बन्धी नीति**

**१) स्वास्थ्य सेवा सम्बन्धी नीति**

१. नागरिकको मौलिक अधिकारको रुपमा रहेको आधारभूत स्वास्थ्य सेवालाई वडाहरुमा रहेका स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य सेवा केन्द्र मार्फत आवश्यक औषधि उपकरणको ब्यबस्था गरि निःशुल्क रुपमा उपलब्ध गराइनेछ।

२. स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाहरुको नेपाल सरकारले तोकेको न्युनतम सेवा मापदण्ड बमोजिम स्तरोन्नतिका कार्यहरु संचालनमा ल्याईनेछ। स्वास्थ्य संस्थाहरुमा औषधि उपकरण लगायतका सामाग्री अभाव हुन दिईने छैन। सञ्चालित बर्थिंग सेन्टरहरुलाई थप व्यवस्थित गर्दै लगिनेछ साथै प्रसुती सेवाको गुणस्तरमा अभिवृद्धि गरिनेछ । पुर्णखोप दिगोपनाका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ।

३. कुनै पनि औषधी तथा मेडिकल उपकरणहरु खरिद गर्दा प्रचलित खरिद कानुन बमोजिम खरिद योजना तथा स्पेसिफिकेशन तयार गरि खरिद इकाईबाट स्वीकृत गराइ मात्रै खरिद प्रक्रिया अगाडि बढाइनेछ।

४. आमा स्वास्थ्य कार्यक्रम तथा महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

५. **"स्वस्थ नागरिक सम्बृद्ध कावासोती"** कार्यक्रम अन्तरगत मुख्य ४ वटा नसर्ने रोगहरु (क्यान्सर, उच्चरक्तचाप तथा मुटुरोग, दिर्घ स्वाशप्रश्वास सम्बन्धि रोग र मधुमेह) को रोकथाम, स्क्रिनिंग जांच र उपचारको लागि आवश्यक उपकरण, औषधिको व्यवस्था गरि नेपाल सरकारको प्रोटोकल अनुसार सेवा बिस्तार गरिनेछ।

६. सिकलसेल एनेमिया र थालासेमियाको स्क्रिनिङ गरि नि:शुल्क औषधी उपचारको व्यवस्था गरिनेछ।

प्रमाणीकरण मिति २०८० असार ७ गते

७. **जेष्ठ नागरिक स्वास्थ्य कार्यक्रम** अन्तर्गत प्रत्येक चार महिनामा अनिवार्य रुपमा जेष्ठ नागरिकलाई घरैमा स्वास्थ्य परिक्षण गर्ने र आवश्यक मनोसामाजिक परामर्श प्रदान गरिनेछ ।

८. समुदायमा कोभिड-१९ लगायतका सरुवा रोगहरुको प्रकोपलाई रोकथाम तथा नियन्त्रण गर्न आबश्यक ब्यबस्था मिलाइनेछ ।

९. गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्यकर्मीहरुको समय सापेक्ष क्षमता अभिवृद्धि गरिनेछ । समुदायस्तरमा स्वस्थकर जीबनयापनका लागि आवश्यकता अनुरुप जनचेतना मुलक कार्यक्रमहरु संचालनमा ल्याईनेछ ।

१०.समुदायमा सुरक्षित सुत्केरी सम्बन्धि चेतना अभिवृद्धि गर्न तथा शंस्थागत डेलिभरी संख्या वृद्धि गरि आमा र बच्चाको स्वास्थ्य सुधार गर्न **Zero Home delivery कार्यक्रम**लाई संचालनमा ल्याईनेछ । पाँच वर्ष मुनिका बालबालिकाहरुको पोषण लेखाजोखा कार्यक्रम संचालन गरिने छ ।

११.आवश्यकता अनुरुप स्वास्थ्य चौकीहरुमा एम्बुलेन्स सेवा प्रदान गर्ने ब्यबस्था मिलाईने छ । यसैगरी स्वास्थ्य चौकीहरुमा आवश्यकता अनुसार प्रयोगशाला सेवा बिस्तार गर्दै लगिनेछ ।

१२.निजि स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको सेवालाई गुणस्तरीय बनाउन क्षमता अभिबृद्धि, अनुगमन तथा सुपरिबेक्षण कार्यक्रम संचालन गरिने छ ।

१३.प्रत्येक नागरिकको स्वास्थ्य प्रोफाइल तयार गर्न स्वास्थ्य अवस्थाको पहिचान गरि सोहि अनुरुपको स्वास्थ्य सेवा सिफारिस गर्न नगरपालिकाको एउटा वडालाई नमुनाको रुपमा छनौट गरिनेछ ।

१४. विद्यालय स्वास्थ्य कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयमा अध्ययनरत बालवालिकाहरुको हेल्थ प्रोफाइल तयार गरि आवश्यक परामर्श प्रदान गर्न स्वास्थ्य शाखा र अन्तर्गतका स्वास्थ्य चौकीहरुमा रहेका जनशक्ति परिचालन गरिनेछ । जसको लागि सफ्टवेयर तयार गरि सञ्चालनमा ल्याइनेछ ।

## २) शिक्षा सम्बन्धी नीति

१. विद्यालय शिक्षामा समता, गुणस्तर, सक्षमता र व्यवस्थापनलाई प्रमुख लक्ष्य बनाई सोही अनुकूलको नीति, विधि, कार्यक्रम र अभ्यास अपनाउने गरी शिक्षा क्षेत्रको प्राथमिकताहरु तय गरिनेछ ।

२. नगर भित्रका सबै विद्यालयहरुको सर्वपक्षीय अवस्था पहिचान र मूल्याँकन गरी विद्यालयहरुको वर्गीकरण गर्दै विद्यालयहरु विच स्वस्थ र सहकार्यात्मक प्रतिस्पर्धा र नगरबाट विद्यालयलाई हुने सहजिकरण, सहयोग र नियमन कार्यलाई वस्तुगत वनाई समग्र नगरको शिक्षा नीति, योजना, कार्यक्रम, पद्धती र प्राथमिकतालाई गुणस्तर र समता प्राप्तीको दिशामा लक्षित गरिनेछ।

३. नगरपालिकाको समग्र आर्थिक वृद्धिका सम्वाहक र सहयोगी क्षेत्रमा आवश्यक जनशक्ति उपलब्ध गराउन तथा राष्ट्रिय आवश्यकताको सन्दर्भलाई समेत ध्यानमा राखी सम्भाव्यता अध्ययनको आधारमा विद्यालयहरुमा थप प्राविधिक विषयहरु अध्ययन गर्ने अवसर सृजना गरिनेछ। पढ्दै कमाउदै कार्यक्रम संचालन गर्न सम्भाव्यता र इच्छाशक्ति भएका विद्यालयहरुलाई साझेदारी अनुदानको व्यवस्था गरिनेछ। साथै हाल सञ्चालित प्राविधिक धारका विद्यालयहरुमा योग्य प्रशिक्षकहरुको व्यवस्था गर्न र गरिव जेहेन्दार तथा लक्षित समुहका विद्यार्थीहरुलाई प्राविधिक शिक्षा अध्ययन गर्न छात्रवृत्तिको व्यवस्था गरिनेछ।

४. विद्यालय शिक्षामा सक्षमता, गुणस्तर, स्रोतको समुचित प्रयोग गरी नतिजामुखी शैक्षिक व्यवस्थापनका लागि मापदण्डमा आधारित रही कक्षा गाभ्ने (मर्ज) , तह गाभ्ने र विद्यालय गाभ्ने कार्य गरिनेछ। यस कार्यलाई उत्साहित, आवश्यकीय र प्रभावकारी ढंगबाट सम्पादन गर्न स्वैच्छिक र अनिवार्य मर्ज गर्ने नीति अपनाइ विद्यालयहरुलाई आवश्यक शिर्षकमा अनुदान दिने व्यवस्था गरिनेछ।

५. विद्यार्थीको स्वास्थ्य, पोषण र सन्तुलित आनिवानी विकासका लागि आवश्यक ज्ञान र सेवा विद्यालयबाट नै उपलब्ध गराउने प्रयास स्वरुप उच्चतम विद्यार्थी भएका दुई माध्यमिक विद्यालयहरुमा विद्यालय नर्सको व्यवस्थाका लागि नगरपालिकाबाट स्रोतको व्यवस्था मिलाईनेछ । अन्य सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीलाई स्वास्थ्य सम्बन्धी प्रबर्द्धनात्मक ज्ञान, सीप र सामान्य स्वास्थ्य परीक्षण तथा उपचारका कार्यहरु सामाजिक संघ संस्थासंगको समन्वय र सहयोगमा क्रमश गर्दै लगिनेछ।

६. विद्यालयमा कार्यरत दरवन्दी अनुसारको कुनै पनि जनशक्तीलाई प्रचलित श्रमकानून अनुसारको न्यूनतम तलब भत्ता उपलब्ध गराउन बजेटको व्यवस्था गरिनेछ।

७. श्रम प्रतिको सकारात्मक भावनाको विकास, उपलब्ध स्रोत साधनको समुचित प्रयोगको ज्ञान र विद्यालयमै उत्पादित अर्गानिक खाद्यवस्तु दिवा खाजामा प्रयोग गर्ने अभ्यासका लागि हरेक सामुदायिक विद्यालयमा विद्यालय करेसावारी निर्माण गर्ने नगर विद्यालय साझेदारी करेसावारी कार्यक्रम सञ्चालन गरिनेछ।

८. विद्यार्थीको सिर्जनात्मक मौलिक क्षमता र नवप्रवर्नात्मक अभ्यासका लागि प्राथमिकताका साथ अनुदान सहयोग उपलब्ध गराइनेछ ।

९. पाठ्यपुस्तकको सर्व पक्षीय गुणस्तरका आधारमा यस नगरपालिकाबाट छनौट भएका कक्षा एक देखी दश सम्मका अंग्रेजी माध्ययमका पाठ्यपुस्तक सबै सामुदायिक विद्यालयका विद्यार्थीलाई निशुल्क रुपमा उपलब्ध गराउन विद्यालयलाई उपलब्ध गराउँदै आईएको अनुदानलाई निरन्तरता दिइनेछ ।

१०.सामुदायिक विद्यालयमा कक्षा ११- १२ मा सञ्चालित विज्ञान विषयमा अध्ययन गर्न न्यून आय वर्गका विद्यार्थीको पहुँच वढाउने गरी नगर छात्रवृत्तीको अवसर सोही अनुदान बजेटबाट रहने गरी विज्ञान विषय सञ्चालनरत दुई सामुदायिक विद्यालयलाई एक/एक वटा मा. वि. तहको शिक्षक तलब भत्ता बराबरको अनुदान उपलब्ध गराईनेछ ।

११.नगरको समग्र शैक्षिक गुणस्तर अभिबृद्धिका लागि बिभिन्न कार्यक्रमहरु तयार गरि संचालन गरिनेछ ।

१२.राष्ट्रिय मापदण्ड अनुसार बढी विद्यार्थी भएका विद्यालयहरुलाई प्रति विद्यार्थी अनुदानको व्यवस्था गरी क्रमिक रुपमा ठूला विद्यालय निर्माण गर्ने दिशामा विद्यालयहरुलाई सहयोग गर्दै लगिनेछ ।

१३.नगर भित्रका सामुदायिक विद्यालयहरुमा योग्य, सक्षम, प्रतिवद्ध शिक्षकहरुलाई प्रधानाध्यापकको जिम्मेवारी दिन संघीय तथा प्रादेशिक कानुनका अलवा आवश्यक नीतिगत व्यवस्था गरी प्रभावकारी कार्यान्वयनमा लागिनेछ ।

१४.शैक्षिक वर्ष २०७९ को शैक्षिक तथ्याङ्कका आधारमा शिक्षक दरवन्दी मिलान कार्यलाई विधिसम्वत, स्वचालित र प्रणालीवद्ध बनाईनेछ ।

१५.नेपाल सरकारको दरवन्दी र अनुदानमा कार्यरत शिक्षक सुत्केरी विदामा रहँदाको समयका लागि निश्चित मापदण्डका आधारमा स्वयम्सेवक शिक्षक व्यवस्थापन गर्न विद्यालयहरुलाई अनुदानको व्यवस्था गरिनेछ ।

१६.नगर भित्रका सामुदायिक विद्यालयमा रहेका अपुरा भवन तथा अन्य भौतिक पुर्वाधारको निर्माणका लागि संघ तथा प्रदेश सरकारसंग समन्वय र साझेदारीमा सम्पन्न गर्न पहल गरिनेछ ।

१७.नगर भित्रको एउटा सामुदायिक माध्यमिक विद्यालयलाई निश्चित मापदण्डको आधारमा छनौट गरी लागत साझेदारीको ढाँचामा नमुना गणित प्रयोगशाला निर्माण गरिनेछ ।



नगरसभाबाट स्वीकृत मिति २०८० असार ७ गते

१८.वृहत विद्यालय सुरक्षा कार्यक्रम सञ्चालनमा ल्याइनेछ । तत्काललाई सबै सामुदायिक माध्यमिक विद्यालयहरुमा विद्यालय जोखिम न्यूनिकरणका लागि सुरक्षा सामग्रीको व्यवस्था गरिनेछ ।

१९. युवावर्गको चौतर्फी विकासका लागि खेलकुद मैदान निर्माण, विभिन्न खेल सञ्चालन, स्काउट शिक्षा, सचेतना र क्षमता विकास जस्ता कार्यहरु प्राथमिकताका साथ सम्पादन गरिनेछ ।

२०. नगर भित्र रहेका कलेजहरुको पूर्वाधार विकास, शैक्षिक गुणस्तर सुधार र अध्ययन अनुसन्धानका क्षेत्रमा सहयोग गरिनेछ ।

२१. कावासोती नगरपालिका भित्र रहेका सामुदायिक सिकाई केन्द्रहरुलाई सीप विकास र सामाजिक सचेतनाको हबका रुपमा विकास गर्न सहयोग गरिनेछ ।

२२. विपन्न तथा लक्षित वर्गका विद्यार्थीलाई माध्यमिक शिक्षामा पहुच सुनिश्चित गर्न मापदण्ड बनाई त्यस्ता विद्यार्थीहरुको पहिचान गरी विषेश छात्रवृत्तीको व्यवस्था मिलाईनेछ ।

२३. नगरपालिकाका विद्यालयहरुको भौतिक पूर्वाधार विकासको लागि संघीय सरकार सँग सहकार्य गरिनेछ भने प्रत्येक विद्यालयमा अपांगमैत्री शौचालय निर्माण कार्यलाई प्राथमिकता दिइनेछ । विद्यालयका चमेना गृहलाई व्यवस्थित गराउन क्रमिक रुपमा सहयोग गर्दै लगिनेछ ।

२४. स्थानीय पाठ्यक्रमलाई प्रभावकारी रुपमा शिक्षण गर्न सिकाई सन्दर्भ सामग्रीहरु निर्माण गर्दै लगिनेछ ।

२५. गृहिणी कक्षा सञ्चालन भएको विद्यालयलाई थप सुविधा सहितको भौतिक पूर्वाधार निर्माण गर्न सहयोग गरिनेछ ।

२६. नगरभित्र सञ्चालित सबै प्रकारका सीप विकास तालिम सञ्चालन गर्ने तालिम केन्द्रहरुलाई कानून बनाई कानूनी दायरामा ल्याइनेछ ।

२७. शैक्षिक सत्र २०८१ बाट कक्षा ५ सम्म सामुदायिक विद्यालयमा अध्यनरत विद्यार्थीका अभिभावकबाट क्रमिक रुपमा अनिवार्य सहयोग नलिने गरि व्यवस्थापन मिलाइनेछ ।

२८. निजि स्तरमा अनुमति बेगर संचालित विद्यालयहरुलाई ऐन, कार्यविधि बनाई एक पटकको लागि अनुमति दिईनेछ । बिभिन्न फर्म, संघ, संस्था, इन्स्टिच्युट, भाषा सेन्टर, कलकारखाना, उद्धोग, पर्यटन व्यवसाय आदिलाई करको दायरामा ल्याईनेछ ।

## ३) लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण सम्बन्धी नीति

१. नगरपालिकाबाट प्रवाह हुने सेवा सुविधामा सबै वर्ग, लिङ्ग र समुदायको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।

२. महिला माथि हुने अर्थिक सामाजिक भेदभाव, बालविवाह र अनमेल विवाहलाई निरुत्साहित गर्न विशेष योजना बनाई कार्यान्वयन गरिनेछ ।

३. महिलाहरुका लागि सीपमुलक कार्यक्रम संचालन गरी व्यावसायिकता र उद्यमशिलता विकास गरी स्वरोजगार उन्मुख बनाइनेछ ।

४. लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलता अभियानलाई निरन्तरता दिइनेछ। लैङ्गिक तथा यौन हिंसामा परेका महिलाहरुको उद्धार र संरक्षणको लागि संचालित अल्पकालीन आश्रय सहितको सेवा केन्द्र संचालन तथा व्यवस्थापनको लागि बजेट विनियोजन गरिनेछ । सो संचालनका लागि विभिन्न पालिका तथा सरोकारवाला निकायसँग समन्वय गरिनेछ । हिंसा पीडितका लागि न्यायिक उपचार, पुर्नस्थापना र पारिवारिक पुनर्मिलनको व्यवस्था मिलाइनेछ ।

५. लैङ्गिक हिंसा निवारणको लागि समुदाय तथा विद्यालयस्तरमा सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

६. न्यायिक समितिमा अउने महिला हिंसा सम्बन्धी उजुरीहरु सुनुवाईका लागि महिलामैत्री वातावरण मिलाइनेछ ।

७. छुवाछूत, विभेद, सामाजिक कुरीति र अन्धविश्वास विरुद्ध सचेतना मूलक कार्यक्रमहरु संचालनमा ल्याइनेछ ।

८. अपाङ्गता भएका व्यक्तिहरुलाई परिचयपत्र वितरणलाई निरन्तरता दिइनेछ । अपाङ्गता भएका व्यक्तिहरुको पहिचान गरी आवश्यक्ता अनुसार उपचार तथा सहयोगी सामग्रीको प्रबन्ध मिलाइनेछ । सिप विकास तालिम संचालन गरिनेछ । ग र घ वर्गका अपांगता भएका विपन्न परिवारका व्यक्तिलाई निःशुल्क स्वास्थ्य विमा गराइनेछ ।

९. ज्येष्ठ नागरिक, महिला तथा बालबालिकाहरुको हक अधिकार संरक्षणको लागि कल्याणकारी कार्यक्रम संचालन गरिनेछ ।

१०. ज्येष्ठ नागरिकहरुको एकांकीपन हटाई सरल र खुशी जीवन विताउन ज्येष्ठ नागरिक मिलन केन्द्रको स्थापना गरिनेछ ।

११. बालमैत्री स्थानीय कार्यक्रम अन्तर्गत बालमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयन निर्देशिका,२०७८ बमोजिमका कार्यक्रमहरु कार्यान्वयन गरी क्रमैसँग कावासोती नगरपालिकाको वडाहरुलाई बालमैत्री वडा घोषणा गरी कावासोती नगरपालिकालाई बालमैत्री नगरपालिका बनाउन कार्यक्रम संचालन गरिनेछ।

१२. श्रमिक बालबालिकाको तथ्याङ्क संकलन तथा बालश्रम अन्त्यका लागि अनुगमन गरिनेछ।

१३. किशोरीहरुका लागि आत्मरक्षा तालिम संचालनका लागि गैर सरकारी संघ संस्था तथा सरोकारवालासँग समन्वय गरी संचालन गरिनेछ।

१४. वैदेशिक रोजगारमा गएका व्यक्तिका परिवारको लागि वित्तीय साक्षरता तथा सचेतिकरण कार्यक्रम संचालन गरिनेछ।

१५. समुदायस्तरमा HIV/AIDS सम्बन्धी सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।

१६. बालवालिका सम्बन्धी ऐन, २०७५ ले व्यवस्था गरे अनुसार स्थानीय तहमा बाल अधिकार समिति गठन, बाल कोषको स्थापना तथा बाल कल्याण अधिकारीको नियुक्ति र परिचाललनको कार्यक्रमहरुको सुनिश्चितता गरिनेछ।

१७. राष्ट्रिय बाल दिवस भाद्र २९, अन्तर्राष्ट्रिय बाल दिवस नोभेम्वर २०, अन्तर्राष्ट्रिय बालिका दिवस ११ अक्टोबर, अन्तर्राष्ट्रिय युवा दिवस अगष्ट १२, सामाजिक सुरक्षा सप्ताह २५ देखि २८ नोभेम्बर मा विविध कार्यक्रम सञ्चालन गरिनेछ।

**४) सामाजिक सुरक्षा तथा पञ्जीकरण सम्बन्धी नीति**

१. व्यक्तिगत घटना दर्ता घटना घटेको ३५ दिन भित्र गर्न, गराउन विभिन्न जानकारीमूलक कार्यक्रम सञ्चालन गरिनेछ।

२. सामाजिक सुरक्षा तथा पञ्जीकरण सम्बन्धी अभिमूखीकरण तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ।

३. सामाजिक सुरक्षा तथा पञ्जीकरण इकाई अन्तर्गत सेवा इकाईमा कार्यरत कर्मचारीहरुको पारिश्रमिकका लागि आवश्यक रकम व्यवस्था गरिनेछ।

ग) **पूर्वाधार विकास सम्बन्धी नीति**

## १. पूर्वाधार विकास सम्बन्धी नीति

१. नगरपालिका भित्र सञ्चालित विकास आयोजनाहरुलाई निर्धारित लागत, समय र गुणस्तरणमा सम्पन्न गर्न एक आयोजना निर्देशक समिति गठन गरिनेछ । अनुगमन र मूल्यांकनलाई नतिजामूलक बनाइनेछ ।

२. नगरपालिकाका पूर्वाधारहरुमा लगानीका विभिन्न वित्तीय उपकरण तथा स्रोत परिचालन गर्न नगर विकास कोषमा नगरपालिकाको शेयर स्वामित्व रहने गरी आवश्यक प्रबन्ध मिलाइनेछ । नगरस्तरीय गौरव र रुपान्तरणकारी योजना छनौट गरी स्रोत सुनुश्चित गरिनेछ ।

३. रु ५ लाख भन्दा माथिका पूर्वाधार विकास योजनाको अनिवार्यरुपमा गुणस्तर परीक्षण गरी मात्र भुक्तानी दिइनेछ ।

४. नगर भित्र सञ्चालन हुने आयोजनहरुको प्राथमिकिकरण, स्रोत सुनुश्चितता एवं नागरिक आवश्यकता र औचित्य समेतको आधारमा अधिकतम सहभागीतामूलक र प्रतिफलमुखी आयोजना छनौट र सिफरिसका लागि कार्यविधि तयार गरी नगर योजना आयोग गठन प्रक्रिया अगाडि बढाइनेछ ।

५. भौतिक निर्माण कार्यको गुणस्तरण, नियन्त्रण र परीक्षणका लागि अत्याधुनिक उपकरण सहितको प्रयोगशाला (Lab) स्थापना गरिनेछ ।

६. केही रुपान्तरणकारी आयोजनाहरुको सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवदेन तयार गरी **आयोजना बैंक (Project Bank)** निर्माण गरिनेछ ।

७. नगरपालिकाको **यातायात गुरु योजना (MTMP)** संशोधन र अध्यावाद्यिक गरी कार्यान्वयनमा ल्याइनेछ ।

८. **भवन निर्माण मापदण्ड (Building By Laws)** निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ । सहरी योजना तथा भवन निर्माण मापदण्ड २०७२ लागु हुनुभन्दा पहिला निर्माण भएका घरहरुको अभिलेखिकरण गरी अब उप्रान्त नक्सापास विना भवन निर्माण गर्न नपाउने नीतिलाई निरन्तरता दिइनेछ ।कुनै पनि अस्थायी टहरा गोठ लगायतका संरचना निर्माण गर्दा नगरपालिकाको पूर्व स्वीकृति लिनुपर्नेछ ।

९. सडक तथा अन्य पूर्वाधार निर्माण गर्दा अपाङ्गमैत्री र बालमैत्री हुने गरी निर्माण गरिनेछ ।

प्रमाणिकरण मिति २०८० असार ७ गते

१०. नगर क्षेत्र भित्र रहेका सडकहरुको नामाकरण गरी **डिजिटल स्ट्रिट नम्बरिङ्ग प्रणाली (Digital Street Numbering System)** लागु गरिनेछ।

११. निर्मित सडकहरुको नियमित मर्मत सम्भार स्तरोन्नती गरिनेछ। यसको लागि एक मर्मत सम्भार कोष स्थापना गरी कार्यविधि अनुसार परिचालन गरिनेछ।

१२. पूर्वाधार निर्माणमा विपद जोखिम सम्वेदनशिलतालाई मध्यनजर गरी **विपद उत्थानशिल पूर्वाधार विकास**मा जोड दिइनेछ।

१३. नदि कटान तथा बाढी नियन्त्रण गर्न तार, जाली, ग्याविन, आरसिसि वालका अतिरिक्त **वायो ईन्जिनियरिङ्ग प्रविधि (Bio Engineering Technology)** अवलम्बन गरिनेछ।

१४. नगरपालिकाका मुख्य सडकहरुमा सडकबत्ती street light तथा सिसिटिभि क्यामेराको जडान गरिनेछ।

१५. नगरपालिकाको सम्भावित स्थानहरुको पहिचान गरी ल्यान्ड पुलिङ (Land Pooling) को माध्यमबाट व्यवस्थित स्याटलाइट सिटीको निर्माण लागि संघीय सरकार, नगर विकास कोष र भुकम्प प्रविधि अध्ययन समाज (NCET) लगायतका विकास साझेदार संस्थासँग सहकार्य गरी सम्भाव्यता अध्ययनको लागि आवश्यक प्रक्रिया अगाडि बढाइनेछ।

१६. नगरपालिकामा बढ्दो शहरीकरणका कारण अव्यवस्थित बसोवास बढिरहेको र जथाभावी खेतीयोग्य जमिनको खण्डिकरण गर्ने प्रवृत्ति बढेकोले नगरपालिकामा भू-उपयोग नीति तथा योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

१७. नगरपालिका भित्र अब बन्ने सामुदायिक एवं सरकारी भवन निर्माणलाई अनिवार्य रुपमा नक्शा पासको दायरा ल्याइनेछ।

१८. नगर गौरवका आयोजनाहरु संघ र प्रदेशसँग समन्वय गरी सञ्चालित गरिनेछ। राष्ट्रिय गौरवको पूर्व पश्चिम हाइवे आयोजना कार्यान्वयनलाई तिव्रता दिन आयोजनालाई आवश्यक पर्ने निर्माण सामग्री अभाव हुन नदिन कानून र मापदण्ड अनुसार निर्माण सामाग्री उपलब्ध गराउन सहजीकरण गरिनेछ।

१९. हुलाकी राजमार्ग पर्ने नगरपालिकाको क्षेत्रमा यसको निर्माणलाई तिव्रता दिन संघीय सरकारसँग विशेष आग्रह गरिनेछ र क्षेत्राधिकारको बारेमा भएको व्यवहारिक विवादलाई सहजीकरणका माध्यमबाट समाधान गरिनेछ। वडा नं. ११,१२ र १७ मा ट्र्याक निर्माण कार्य गरिनेछ।

प्रमाणीकरण मिति २०८० असार ७ गते

२०. व्यवस्थित शहरीकरणको लागि सडक, सञ्चार, विद्युत र फोहोर व्यवस्थापनका क्षेत्रहरुमा एकिकृत रुपमा कार्यान्वयन हुने गरी सरोकारवाला सवै पक्षसँग समन्वय र सहकार्य गरी अघि बढ्ने रणनीति अवलम्वन गरिनेछ ।

२१. नगर क्षेत्रमा रहेका जोखिमयुक्त वस्तीलाई सुरक्षित क्षेत्रमा स्थानान्तरण गर्ने नीति अवलम्वन गरिनेछ । यसका लागि संघीय सरकारसँग समन्वय गरिनेछ ।

२२. कावासोती नगरपालिका र हुप्सेकोट गाउँपालिका जोड्ने कावासोती-४ भएर जाने सडक कालोपत्रे गरिनेछ ।

२३. केरुङ्गे खोलामा तटबन्ध सहितको कोरीडोरको विस्तृत **परियोजना प्रतिवेदन (DPR)** तयार गरी गौरवको योजनाको रुपमा निर्माणका लागि स्रोत सुनिश्चित गरिनेछ ।

२४. वडा नं. १६ मा नगरपालिकाको बसपार्क निर्माण कार्यलाई संघीय सरकारसँग सहकार्य गरी आगामी आर्थिक वर्षमा कार्यान्वयन गरिनेछ ।

२५. वडा नं. २ को नवदुर्गा सामुदायिक वन र शिव सामुदायिक वनसँग समन्वय गरी मिनि वसपार्क निर्माण प्रक्रियालाई आगाडि बढाइनेछ ।

२६. शिव सामुदायिक बन क्षेत्र भित्र रहेको नगर बाल उद्धानलाई १० हेक्टर क्षेत्रमा विस्तार गरिनेछ ।

२७. वडा नं. ६ मा रहेको निर्माणाधीन रंगशालाको निर्माण कार्य सम्पन्न गरिनेछ । प्रत्येक वडामा एउटा खेलकुद मैदान निर्माण गरिनेछ।

२८. वडा नं. ४ मा रहको नवदुर्गा बाल उद्यानको निर्माण कार्य सम्पन्न गरिनेछ ।एक वडा एक वालउद्धान र ज्येष्ठ नागरिक मिलन केन्द्र निर्माण गरिनेछ ।साथै वडा नं २, ३ र ८ मा खुला व्यायामशाला निर्माण गरिनेछ ।

२९. राम जानकी मन्दिर, दुर्गा मन्दिर, शिवालय मन्दिर, माहाराजा मन्दिर लगायतका मठ मन्दिर, चर्च, गुम्वा तथा मस्जिदको आवश्यकता अनुसार सौन्दर्यीकरण र मर्मत सम्भार गरिनेछ ।भोसरघाट र अमलटारी घाट लगायतका अन्य दाहसंस्कार गर्ने घाटहरुको स्तरोन्नती गरिनेछ ।

३०. नगर गौरवको आयोजनाको रुपमा रहेको कावासोती रिङ्गरोड लाई परिमार्जन सहित निर्माण कार्य अगाडि बढाइनेछ ।

३१. थारु जातिको धार्मिक, सांस्कृतिक पहिचानसँग जोडिएको मेडरी नाचको संरक्षणको कार्यक्रम ल्याइनेछ साथै जखडी लगायत कुमारवर्ती थानको स्तरोन्नति तथा सांस्कृतिक भवन निर्माणका लागि प्रक्रिया अघि बढाइनेछ।

३२. थारु राष्ट्रिय संग्रहालय लगायत अन्य जाति समुदायको संग्रहालयहरुको संरक्षण तथा प्रवर्द्धन गरिनेछ।

३३. नगरपालिकाको समग्र पूर्वाधार विकासका लागि संघ, प्रदेश सरकार तथा एसियाली विकास बैंक (ADB), विश्व बैंक (WB) तथा UNDP लगायतका दातृ निकायसँग साझेदारी ऋण सहयोग लिइनेछ।

३४. इन्जिनियरिङ्ग अध्ययन विद्यार्थीहरुलाई इन्टर्नसिप र कार्यथलोमै तालिम (OJT) को व्यवस्था मिलाइनेछ।

३५. विभिन्न पूर्वाधार योजनामा कन्टिन्जेन्सी बापत कट्टा हुने रकम कार्यविधि बनाई खर्च गरिनेछ।

## २) उर्जा सम्बन्धी नीति

१. विद्युत प्राधिकरणसँग समन्वय गरी विद्युतको पहुँच नपुगेको सबै गाउँ र बस्तीमा विद्युत पहुँच पुऱ्याइनेछ। सिंचाईका लागि आवश्यक ठाउँमा विद्युतीकरण गरिनेछ।

२. नगर क्षेत्र भित्रका मुख्य सडक तथा चोकहरुमा **सडक बत्ती (Street Light)** जडान गरिनेछ।

३. नेपाल सरकारको बैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रम अनुरुप नगर क्षेत्र भित्र रहेका नवीकरणीय उर्जाका स्रोतहरुको पहिचान गरी प्रयोगमा जोड दिइनेछ।

४. विद्युत प्राधिकरणसँग समन्वय गरी सडक तथा अन्य क्षेत्रमा अव्यवस्थित रुपमा रहेका विद्युतीय तार पोलको उचित व्यवस्थापन गरिनेछ।

## ३) खानेपानी तथा सरसफाई सम्बन्धी नीति

१. नगरपालिकाको सबै वडाहरुमा स्वच्छ तथा सुरक्षित खानेपानीको उपलब्धतामा जोड दिइनेछ। नगरपालिका क्षेत्रभित्र रहेका खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाहरु नगरपालिकामा अनिवार्य रुपमा सूचीकृत तथा दर्ता हुनुपर्नेछ।

प्रमाणिकरण मिति २०८० असार ७ गते

२. आर्सेनिक युक्त पानीको प्रयोग हटाई सुरक्षित खानेपानी प्रयोग, व्यक्तिगत सरसफाई, फोहोरमैला व्यवस्थापन र सुरक्षित शौचालय प्रयोगका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।आर्सेनिक परीक्षणको लागि ल्याव स्थापना गरिनेछ साथै वडा नं ७ मा आर्सेनिक रहित खानेपानी पुर्‍याउन कावासोती खानेपानी तथा सरसफाई उपभोक्ता संस्थासँग समन्वय गरि पाइपलाईन विस्तारका कामहरु अगाडी बढाइनेछ । १२, १३, १७ वडाहरुमा सञ्चालित खानेपानी आयोजनाहरु सम्पन्न गरिनेछ ।

३. टोलविकास संस्थाहरुलाई फोहोरमैलाको वर्गिकरण, प्रशोधन एंव पुनः प्रयोग सम्बन्धी तालीम प्रदान गरी गाँउ टोलमा पूर्ण सरसफाई अभियान चलाइनेछ । पशुपन्छी तथा भान्साजन्य कुहिने वस्तुहरुको पहिचान गरी प्राङ्गगरिक मल बनाउन प्रोत्साहन गरिनेछ ।

४. स्वास्थ्य संस्थाबाट निस्किने फोहोरमैलाको व्यवस्थापनको उचित प्रवन्ध गरिनेछ ।

## घ) वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी नीति

१. योजना कार्यान्वयन गर्दा वातावरणसँग तादातम्यता हुने गरी दिगो विकासको अवधारण बमोजिम कार्यान्वयन गरिनेछ ।।

२. फोहोरमैला व्यवस्थापन केन्द्रमा रहेका Plant मर्मत गरी सञ्चालनमा ल्याइनेछ ।

३. **स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र (LEOC)** स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।

४. नगरपालिकाको वन ऐन तथा नियमावली बनाइ सामुदायिक, निजी, साझेदारी, कबुलियति, धार्मिक बनहरुको दर्ता गरि प्रचलित कानुन बमोजिम करको दायरामा ल्याइनेछ ।

५. नगरभित्र रहेका सामुदायिक वन समितिलाई सशक्तिकरण गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ । वन क्षेत्र संरक्षणका लागि सामुदायिक वन समितिका आम्दानीलाई नगरको करको दायरामा ल्याइनेछ । नगरपालिका भित्रका सिमसार क्षेत्रहरुको संरक्षणमा विशेष ध्यान दिइनेछ ।

६. यस नगरपालिका क्षेत्रमा निजी तथा सामुदायिक वन, खाली तथा बाँझो जग्गामा वृक्षारोपण कार्यक्रममा जोड दिइनेछ ।

७. **विपद् व्यवस्थापन कोष**मा आवश्यक रकम व्यवस्था गरी निश्चित कार्यविधि र मापदण्ड बमोजिम परिचालन गरिनेछ ।

८. विपद् पूर्व तयारी, खोज तथा उद्धार र राहतलाई भरपर्दो र प्रभावकारी बनाउन विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना र विपद् जोखिम न्युनीकरण व्यवस्थापन योजना बनाई आवश्यक सामग्रीहरुको व्यवस्थापन गरिनेछ। तत्काल उद्धारका लागि **Quick Response Team** गठन गरी आवश्यक तालिम प्रदान गरिनेछ।

९. विपद् व्यवस्थापन कार्यलाई थप प्रभावकारी बनाउन नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा नेपाल रेडक्रस सोसाईटी लगायतका गैर सरकारी संस्थाहरु समेतसँग समन्वय गरी उद्धार र राहत कार्य अगाडी बढाइनेछ।

१०. समुदाय स्तरमा बाढी, पहिरो, आगलागी आदि जस्ता विपद्हरुबाट सुरक्षित रहने उपायहरुको बारेमा आवश्यक सचेतनामूलक तालिमको व्यवस्था गरिनेछ।

११. एम्वुलेन्स र दमकललाई आवश्यक स्रोत साधन सहित चौविसै घण्टा तयारी अवस्थामा राखिनेछ।

१२. सार्वजनिक स्थलमा हुने फोहोरमैलाको उचित व्यवस्थापन गरिनेछ।

## ङ) संस्थागत विकास, सुशासन र सेवा प्रवाह सम्बन्धी नीति

### १) सुशासन र सेवा प्रवाह सम्बन्धी नीति

१. नगर कार्यपालिकाका विषयगत शाखा र मातहतका कार्यालय विच काममा दोहोरोपना नपर्ने गरी कार्य सम्पादन प्रणालीमा समन्वय कायम गरिनेछ।

२. नगरपालिकाबाट प्रवाह हुने सेवाको गुणस्तरीय बनाउन नागरिक सन्तुष्टि र स्थानीय सरकारप्रतिको जनविश्वास अभिवृद्धि गर्न **ISO Certified नगरपालिका** बनाउनका लागि अवश्यक पूर्वाधारहरुको तयारी गरिनेछ।

३. कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O and M Survey) अनुसार कर्मचारी ब्यवस्थापन गरिनेछ। वडा नं १७ को कुमारवर्ती स्वास्थ्य चौकीमा मेडिकल डाक्टर, उपकरण सहित स्तरोन्नती गरिनेछ।

४. सार्वजनिक प्रशासनमा जिम्मेवारी, जवाफदेहिता र उत्तरदायित्वका संयन्त्रहरु विकास गरी उपलब्धीमूलक बनाइनेछ । सार्वजानिक सुनुवाई, सामाजिक परीक्षण तथा सार्वजानिक परीक्षणलाई निरन्तरता दिइनेछ।

५. नगरपालिकाबाट सम्पादन हुने कार्यहरुलाई व्यवस्थित पारदर्शी र पूर्वानुमानयोग्य बनाउन पुराना कानुनहरुको समयानुकुल परिमार्जन र नयाँ कानुनहरुको निर्माण गरिनेछ।

६. कर्मचारीसँग **कार्य सम्पादन करार सम्झौता** गरी कार्य सम्पादनलाई नतिजासँग आवद्ध गरिनेछ ।

७. नगरपालिकाको नीतिगत तथा संस्थागत क्षमता विकास गर्न जनप्रतिनिधि र कर्मचारीलाइ तालिम गोष्ठि तथा अध्ययन अवलोकनको व्यवस्था मिलाइनेछ । न्यायिक समितिका पदाधिकारहरुको क्षमता विकासका लागि अध्ययन अवलोकन तथा तालिमको व्यवस्था गरिनेछ ।

८. सार्वजनिक खरीदलाई थप व्यवस्थित र प्रभावकारी बनाउन नगरपालिकाको सार्वजनिक खरीद नियमावली तर्जुमा गरी लागु गरिनेछ । उपभोक्ता समिति गठन र परिचालन कार्यविधिलाई समयानुकुल परिमार्जन गरिनेछ । विद्युतीय खरीद प्रणाली E bidding लाई अनिवार्य गरिनेछ ।

९. नगरपालिकाबाट प्रवाह हुने सेवाबारे नागरिकलाई सुसूचित गर्न र सेवा प्रवाहलाई पारदर्शी बनाउन Digital Citizen Charter र Mobile Apps निर्माण गरी प्रयोगमा ल्याइनेछ ।

१०. नगरपालिकाको नागरिकहरुमा रहेको ज्ञान, सीप, पूँजी र प्रविधिलाई समग्र नगरको विकास, समृद्धि र सुशासनका क्षेत्रमा परिचालन गर्न आवश्यक संयन्त्रको विकास गरिनेछ ।

११. दिगो विकासका लक्ष्यहरु (SDGs) लाई नगरपालिकाको नीति, योजना तथा कार्यक्रममा आन्तरिकीकरण र स्थानीयकरण गरिनेछ ।

१२. नगरपालिकामा सेवाग्राहीलाई सहजीकरण गर्न हेल्प डेस्क तथा एकद्धार सेवा प्रवाह केन्द्रको स्थापना र संचालन गरिनेछ ।

१३. उपभोक्ता हितको रक्षा, बजार नियमन तथा खाद्य स्वच्छता एवं गुणस्तर र मूल्यवृद्धि नियन्त्रण गर्न नियमित बजार अनुगमन गरिनेछ ।

१४. नगर क्षेत्र भित्र रहेका सञ्चारकर्मी तथा सञ्चार संस्थाहरुको क्षमता विकास गरिनेछ ।

## २) मानव पूँजी विकास सम्बन्धी नीति

१. मानव पूँजीलाई नगरको विकासको जिवन्त आधारका रुपमा लिई शिक्षा, स्वास्थ्य, पोषण कार्यक्रम, सिपमूलक तालिम तथा अनुभवको आदान प्रदानमा विशेष जोड दिइनेछ ।

२. नगरवासीलाई नेपालको संविधान र कानुन तथा कानुनी र न्यायीक प्रणालीबारे जानकारी गराउन कानुनी साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।
३. नगर क्षेत्र भित्र रहेका दक्ष अनुभवी तथा विभिन्न क्षेत्रमा ख्याति प्राप्त व्यक्तित्वहरुको सूचि तयार गरी नगरपालिकाको विकास र समृद्धिमा उनिहरुको ज्ञान र अनुभव उपयोग गरिनेछ।
४. मानव विकासका क्षेत्रमा कार्यरत निजी तथा गैह्र सरकारी क्षेत्रसँग समन्वय र सहकार्य गरिनेछ।
५. लोक सेवा आयोग, शिक्षक सेवा आयोग तथा सार्वजनिक संस्थान लगायतका प्रतिस्पर्धात्मक परीक्षामा सहभागी हुन क्षमता विकासका लागि प्रशिक्षण तथा अभिमुखिकरण कक्षा सञ्चालन गरिनेछ।
६. पदाधिकारी तथा कर्मचारीलाई सुशासन, विकास तथा सेवा प्रवाहका क्षेत्रमा भएका नविन अभ्यासहरुबारे जानकारी लिन तथा पठन संस्कृति (Reading Culture) को विकास गर्न पुस्तकालय स्थापना गरिनेछ।

**३) राजश्व सुधार सम्बन्धी नीति**

१. नगरपालिकाको राजश्व सुदृढीकरण तथा परिचालनलाई भरपर्दो बनाउनका लागि विस्तृत अध्ययन गरी सुझावहरु सिफारिस गर्न राजश्व विज्ञहरु सम्मिलित समिति गठन गरिनेछ।
२. नगरपालिका भित्र सञ्चालित व्यापार व्यवसायलाई करको दायरामा ल्याउन **व्यवसाय दर्ता अभियान** सञ्चालन गरिनेछ। घर बहाल करलाई करको दायरामा ल्याइनेछ र सम्पत्ति करको पुनरावलोकन गरिनेछ।
३. नगरपालिका क्षेत्रभित्र रहेका नदिजन्य पदार्थहरुको निकासी गरी राजश्व वृद्धि गर्न आवश्यक व्यवस्था मिलाइनेछ।
४. कर तिर्ने सोँच तथा बानी विकासका लागि **करदाता शिक्षा** कार्यक्रम सञ्चालन गरिनेछ।
५. नगरपालिकामा राजश्व बुझाउन **ई-पेमेन्ट**को व्यवस्था गरिनेछ।
६. नगरपालिका भित्र सञ्चालित सबै उद्योगधन्दा, व्यापार व्यवसाय, हस्पिटल क्लिनिक, औषधी पसल, होटल, होमस्टे, कन्सल्टेन्सी, प्रशिक्षण संस्था, ई-रिक्सा लगायतलाई

दर्ता गरि करको दायरामा ल्याइनेछ । दर्ता अनुमति र मापदण्ड विपरित सञ्चालित कारोबारलाई बन्द गराइनेछ ।

प्रमाणिकरण मिति २०८० असार ७ गते